धनगढीमाई नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

धनगढी, सिरहा

२ नं. प्रदेश, नेपाल

खनिज पदार्थ ढुवानी शूल्क ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०८/१६)

(तेस्रो पटक प्रकाशित मिति २०७७/०९/२२)

(तेस्रो पटक प्रकाशित मिति २०७७/१०/०८)

**(राजश्व उप-शाखा)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को उपदफा २ घ ६, धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को धनगढीमाई नगरपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची ०९, "धनगढीमाई नगरपालिका खानी तथा खनिज पदार्थ ऐन, २०७५" को दफा १८ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र विभिन्न निकायबाट ठेक्का प्राप्त गरी खनिज पदार्थ उत्खन्न (धनगढीमाई नगरपालिकाको भौगोलिक क्षेत्र भित्रका निजी तथा सार्वजनिक खोला नाला, बगर आदिबाट, ग्राभेल, ढुङ्गा, गिट्टी, बालुवा र माटो समेत) गरी ढुवानी गर्ने हरेक ढुवानी साधनसंग तोकिएको शूल्क कर असुली सम्बन्धमा चालु आ.व. २०७७/०७८ को असार मसान्तसम्ममा नियमित पटके शूल्क (राजश्व) उठान गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्महरुवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. सिलबन्दी बोलपत्र फारम तेस्रो पटक सूचना प्रकाशन भएको मितिले ७ औं दिन भित्र यस कार्यालयको एन.सि.सि.बैंक, धनगढी, सिरहामा रहेको आन्तरिक राजस्व खाता नं. १४२००००४०८०१ मा रु. ३०००/- रु. तीन हजार, (पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगरपालिकामा नगदै बुझाई नगदी रसिद काटी यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्र पेश गर्दा इजाजत प्राप्त कम्पनीले नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ।

२. रितपूर्वक भरिएको सिलबन्दी बोलपत्र फारम तेस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिनको ३:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको एन.सि.सि.बैंक, धनगढी, सिरहामा रहेको धरौटी खाता नं. १४२००००४१९०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा ९० दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ।

५. सिलबन्दी बोलपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

६. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

७. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन।

८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कार्यवाही हुने छैन।

९. सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टास गरी जानकारी गराइनेछ। सो संग सम्वन्धित सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. सेवा शूल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं. ००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ। साथै यसै सूचनामा उल्लेख भएको पटके शूल्कको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ।

११. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको कम्पनी वा व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तिको बोलपत्र वा ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१२. यस ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर, फि, महशुल आदि ठेकेदारले नै बुझाउनु पर्नेछ।

१३. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शूल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१४. ठेक्का प्राप्त पटके शूल्क बाट नगरपालिकाले तोकि दिएको दररेट भन्दा फरक आफुखुसी मूल्य निर्धारण गरी रकम संकलन गरेको पाईएमा ठेक्का लिने व्यक्तिबाट असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१५. धनगढीमाई नगरपालिकाको क्षेत्र भित्र रहेको खनिज पदार्थ ढुवानी पटके शूल्कको न्यूनतम कबोल अंक रु. ३१,५०,०००/- (एकतिस लाख पचास हजार मात्र) भन्दा माथि कबोल गर्नु पर्नेछ। सिलबन्दी बोलपत्रमा रीतपूर्वक सहीछाप भएको हुनु पर्नेछ।

१६. बोलपत्र स्वीकृत भए पछि VAT तथा आयकर वापत १.५% समेत जम्मा १४.५% (चौध दशमलव छ प्रतिशत) रकम ठेक्का अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक्का अंकमा ५% छुट दिनेछ। एकमुष्ठ रकम दाखिला गर्नु पर्नेछ वा यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारि गरिएको कम्तीमा ९ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ।

१७. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ।

१८. दर्ता हुन आएका बोलपत्रहरु आशिक वा पूर्णरुपमा स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ।

१९. अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**खनिज पदार्थको पटके शूल्क दररेट**

| सि.नं. | विवरण | आ.व. २०७७/०७८ को असार मसान्त सम्मका लागि शूल्क |
|---|---|---|
| | **बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेल, माटो** | |
| १ | ट्रयाक्टर प्रतिट्रीप | |
| | (क) माटो | २५ |
| | (ख) भरौटे बालुवा | २५ |
| | (ग) घर जोड्ने बालुवा | ५० |
| | (घ) ढुङ्गा, गिट्टी, ग्राभेल | १०० |
| २ | मिनि टिपर प्रतिट्रीप | |
| | (क) माटो | ७५ |
| | (ख) भरौटे बालुवा | ७५ |
| | (ग) घर जोड्ने बालुवा | १०० |
| | (घ) ढुङ्गा, गिट्टी, ग्राभेल | १७५ |
| ३ | ट्रक/हेभी टिपर प्रतिट्रीप | |
| | (क) माटो | १०० |
| | (ख) भरौटे बालुवा | १०० |
| | (ग) घर जोड्ने बालुवा | १७५ |
| | (घ) ढुङ्गा, गिट्टी, ग्राभेल | ३०० |

**तपशिल**

| क्र.सं. | ठे.नं. | कामको विवरण | धरौटी रकम रु. (कबोल अंकको ५ प्रतिशत) | कैफियत |
|---|---|---|---|---|
| १ | (आ.) १९-०७७/०७८ | पटके खनिज पदार्थ ढुवानी शूल्क | | |

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत